## साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को

# २३ औं वार्षिक साधारणसभाको कामकारबाही तथा निर्णय पुस्तिका (माइन्यूट)

२०८१ पौष २३

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, बबरमहल काठमाडौं ।

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
# २३ औं वार्षिक साधारणसभाको कामकारबाही तथा निर्णय पुस्तिका (माइन्यूट)

## १. वैधानिक सभा

साना किसान विकास लघुवित्त वित्तीय संस्थाको मिति २०८१ मंसिर २८ गते बसेको सञ्चालक समितिको ४९ औं बैठकको निर्णयानुसार वित्तीय संस्थाको २३ औं वार्षिक साधारणसभा कम्पनी ऐन, २०६३ तथा वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावली बमोजिम, निम्न लिखित मिति, समय र स्थानमा बसी देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय भयो ।

## २. सभाको मिति, स्थान र समय

मिति : २०८१ पौष २३ गते (January 7, 2025) मंगलबार
समय : बिहान १०:०० बजे
स्थान : कृषि विकास बैंक लि., केन्द्रीय तालिम प्रतिष्ठान, बोडे, भक्तपुर ।

## ३. सभाको सूचना

साधारण सभाको सूचना सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) मा भएको व्यवस्था बमोजिम साधारण सभा आयोजना हुनुभन्दा एक्काईस दिन अगावै साधारण सभा सम्बन्धी सूचना र कम्पनी ऐन, २०६३ दफा ८४ अनुसारका विवरण राष्ट्रिय स्तरको दैनिक पत्रिकामा दुईपटक (मिति २०८१/०९/०२ मा आर्थिक अभियान र मिति २०८१/०९/८ मा नयाँ पत्रिकामा) प्रकाशन गरिएको थियो । शेयरधनीहरुलाई निजहरुले यस वित्तीय संस्थालाई उपलब्ध गराएको इमेल ठेगानामा समेत सभाको सूचना र संक्षिप्त आर्थिक विवरण पठाईएको थियो । संस्थापक शेयरधनीहरुलाई यस वित्तीय संस्थाको केन्द्रीय र शाखा कार्यालयहरु मार्फत सभा हुने मिति, स्थान, समय र छलफल गर्ने विषयहरु खोली संक्षिप्त वार्षिक आर्थिक विवरण समेत संलग्न राखी सूचना पठाइएको थियो । कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको वार्षिक वित्तीय विवरण, दफा १०९ बमोजिम सञ्चालकको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरुले अध्ययन गर्न र प्राप्त गर्न सक्ने गरी यस वित्तीय संस्थाको काठमाडौं स्थित केन्द्रीय कार्यालय र शेयर रजिष्ट्रार सनराइज क्यापिटल लि. र वित्तीय संस्थाको वेबसाइटमा समेत राखिएको थियो ।

## ४. छलफलका विषयहरु :

(क) **सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात, आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने ।
३. सञ्चालक समितिले प्रस्ताव गरे अनुसार २०८१ आषाढ मसान्तमा कायम रहेको चुक्ता पुँजी रु.३,८०,६३,७३,७९८।५७ को ०.७०% ले हुने रकम रु.२,६६,४४,६१६।५९ नगद लाभांश (लाभांश कर प्रयोजनको लागि) पारित गर्ने ।
४. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गर्न बाह्य लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।
५. स्वतन्त्र सञ्चालक पदमा नियुक्ति सम्बन्धमा ।

(ख) विशेष प्रस्ताव :

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पुँजी रु.३,८०,६३,७३,७९८।५७ को १३.३०% ले हुने रकम रु. ५०,६२,४७,७१५।२१ बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने । उक्त अनुपातमा बोनस शेयर जारी गर्दा हुन आउने भिन्न अङ्क (fraction) लाई पहिलेको भिन्न अङ्कसँग समायोजन गरी बाँकी हुन आउने भिन्न अङ्कलाई पछि समायोजन गर्ने गरी यथावत राख्ने ।

२. यस संस्थाको जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने र सोही बमोजिम प्रबन्धपत्रको दफा ५(ख) र (ग) मा रहेको सम्बन्धित दफाहरुमा आवश्यक संशोधन गर्ने ।

३. आ.व. २०८०/८१ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको वित्तीय विवरणको अनुसूची ४.३५ मा उल्लिखित खर्च रु. १,०४,१५,५९४।४५ कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन गर्ने ।

४. प्रबन्धपत्र संशोधन सम्बन्धमा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड तथा अन्य नियामक निकायबाट स्वीकृत गराउनको लागि आवश्यकता अनुसार सोमा थपघट परिमार्जन, संशोधन तथा सच्याउनको लागि निर्देशन अनुसार गर्नुपर्ने सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी दिने ।

(ग) विविध ।

## ५. उपस्थिति

### ५.१ सञ्चालकहरु

| | |
|---|---|
| १. श्री खेम बहादुर पाठक | अध्यक्ष |
| २. डा. बाबु काजी थापा | सञ्चालक |
| ३. श्री समता पन्त (भट्ट) | सञ्चालक |
| ४. श्री सुखदेव न्यौपाने | सञ्चालक |
| ५. श्री उमेश लम्साल | सञ्चालक |
| ६. श्री भिम प्रसाद पन्त | सञ्चालक |
| ७. श्री आस्था भट्ट | स्वतन्त्र सञ्चालक |

### ५.२ व्यवस्थापनतहका पदाधिकारी र कम्पनी सचिव

| | |
|---|---|
| १. डा.शिवराम प्रसाद कोइराला | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री पृथ बहादुर थापा | नायब प्रमुख कार्यकारी अधिकृत |
| ३. डा. नवराज सिम्खडा, | नायब प्रमुख कार्यकारी अधिकृत |
| ४. श्री झलेन्द्र भट्टराई | नायब प्रमुख कार्यकारी अधिकृत |
| ५. श्री अन्नपूर्ण श्रेष्ठ | मुख्य प्रबन्धक |
| ६. श्री रुप बहादुर खड्का | मुख्य प्रबन्धक |
| ७. सि.ए. ईशा के.सी. | मुख्य प्रबन्धक |
| ८. श्री शिवहरी अर्याल | मुख्य प्रबन्धक |
| ९. श्री लिलाधर धिताल | मुख्य प्रबन्धक |
| १०. सि.ए. मन्दिपा दाहाल | का.मु. मुख्य प्रबन्धक |
| ११. श्री अनिल कृष्ण जोशी | कम्पनी सचिव/वरिष्ठ प्रबन्धक |

केन्द्रीय कार्यालय काठमाडौं

**५.३ अन्य उपस्थिति/पर्यवेक्षक**

| | |
|---|---|
| १. वरिष्ठ अधिवक्ता श्री पोषणराज लामिछाने | कानूनी सल्लाहकार |
| २. सिए श्री किरण डंगोल, लेखापरीक्षक | बाह्य लेखापरीक्षक-साझेदार<br>जे.बी. राजभण्डारी एण्ड डिवीन्स, चार्टर्ड एकाउण्टेण्ट्स |
| ३. श्री बिजय लाल श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत, शेयर रजिष्ट्रार,<br>लक्ष्मी सनराइज क्यापिटल लि. |
| ४. श्री बिजेन्द्र न्हुच्छे प्रधान | प्रतिनिधि, शेयर रजिष्ट्रार,<br>लक्ष्मी सनराइज क्यापिटल लि. |

**५.४. शेयरधनीको उपस्थिति तथा गणपूरक सङ्ख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)**

| विवरण | कुल शेयर धनी सङ्ख्या | शेयर सङ्ख्या | उपस्थित शेयर धनी सङ्ख्या | कुल शेयर मध्ये प्रतिनिधित्व भएको शेयर सङ्ख्या | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| संस्थापक शेयरधनीहरु | ७०६ | २,६६,१९,०७० | ३३६ | २,१८,८७,५९७ | ५७.५० |
| सर्वसाधारण शेयरधनीहरु | ४२,२१६ | १,१४,४४,६६७ | २२० | २,१६,८०५ | ०.५७ |
| **जम्मा** | ४२,९२२ | ३,८०,६३,७३७ | ५५६ | २,२१,०४,४०२ | ५८.०७ |

## ६. सभाको वैधानिकता र अध्यक्षता

६.१ कम्पनी ऐन, २०६३ तथा वित्तीय संस्थाको नियमावली बमोजिम बोलाइएको यस सभामा कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक सङ्ख्या बाँडफाँट भएको कुलशेयर सङ्ख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरधनीको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम वित्तीय संस्थाको यस २३ औं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी दर्ता पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको सङ्ख्या ५५६ भएको र कुल शेयरको ५८.०७ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक सङ्ख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

६.२ कम्पनी सचिवले शेयरधनी महानुभावहरु सबैलाई स्वागत अभिवादन गर्दै आसन ग्रहणको लागि सम्पूर्ण शेयरधनीज्यूहरु, सञ्चालक समितिका अध्यक्षज्यू लगायत अन्य सञ्चालकहरु, प्रमुख कार्यकारी अधिकृत, नायब प्रमुख कार्यकारी अधिकृत, लेखापरीक्षक, कानूनी सल्लाहकार र उपस्थित सबैलाई आसन ग्रहण गर्न अनुरोध गरी सभाको कार्य अगाडि बढाउनु भयो ।

६.३ कम्पनी सचिवले उपस्थित सबैलाई राष्ट्रिय गानमा सरिक हुनको लागि अनुरोध गर्नुभयो र उपस्थित सबैजना राष्ट्रिय गानमा सहभागी हुनु भयो ।

६.४ कम्पनी ऐन, २०६३ को दफा ७४(१) र यस वित्तीय संस्थाको नियमावलीमा व्यवस्था भए बमोजिम कम्पनी सचिवले वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री खेम बहादुर पाठकलाई सभाको अध्यक्षताको आसन ग्रहण गर्नको लागि अनुरोध गर्नु भएपछि अध्यक्षले सभाको अध्यक्षता ग्रहण गर्नुभयो । तत् पश्चात पानसमा बत्ती बालेर साधारण सभालाई औपचारिक रुपमा अध्यक्षबाट शुभारम्भ गर्नु भएको थियो ।

६.५ साधारण सभामा स्वागत मन्तव्यको लागि वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालालाई कम्पनी सचिवले अनुरोध गर्नुभयो । प्रमुख कार्यकारी अधिकृतले यस वित्तीय संस्थाका गतिविधि, हालसम्मका मुख्य उपलब्धिहरु र भविष्यका कार्यक्रमहरु बारे संक्षिप्तमा जानकारी दिँदै साधारण सभामा उपस्थित सबै शेयरधनीहरुलाई स्वागत गर्नु भएको थियो ।

## ७. वार्षिक साधारण सभाको प्रस्तुती

७.१ सभाका अध्यक्षज्यूले वित्तीय संस्थाको सञ्चालक समितिका तर्फबाट उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवम् अभिवादन गर्दै पूर्वनिर्धारित छलफलको विषय सूची अनुसार यस वित्तीय संस्थाको आ.व.२०८०/०८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो ।

७.२ अध्यक्षको प्रतिवेदन प्रस्तुत भए पश्चात् कम्पनी सचिवले शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिको प्रतिवेदन, आ.व. २०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ असार मसान्तको वासलात र आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल एवम् आ-आफ्नो विचार, जिज्ञासा, सुझावका लागि अनुरोध गर्नु भयो ।

## ८. छलफलमा सहभागी भई विचार, जिज्ञासा तथा सुझावहरु दिनुहुने शेयरधनीहरुको नाम:

१. श्री डिल्ली प्रसाद पाठक, साना किसान कृषि सहकारी संस्था लि., सलाङ्ग, धादिङ्ग
२. श्री खगेन्द्रराज भण्डारी, साना किसान कृषि सहकारी संस्था लि., लेटाङ्ग, मोरङ्ग
३. श्री कृष्ण प्रसाद अधिकारी, सर्वसाधारण शेयरधनी
४. श्री राम सोभित यादव, साना किसान कृषि सहकारी संस्था लि., धनुषाधाम, धनुषा
५. श्री गोबिन्द प्रसाद शर्मा, साना किसान कृषि सहकारी संस्था लि., लक्ष्मीपुर, दाङ्ग

**लिखित रुपमा विचार, जिज्ञासा तथा सुझावहरु दिनुहुने शेयरधनीहरु**

१. श्री चन्द्र नारायण श्रेष्ठ
२. श्री निरुपमा गुप्ता
३. श्री सुदिप श्रेष्ठ
४. श्री ब्रम्हदेव शाक्य
५. श्री बैजूनाथ रौनियार
६. श्री रामचन्द्र यादव
७. श्री भोजराज कडरिया, रामेछाप
८. श्री प्रदिप सिंह बराल, बारा
९. श्री दिपक पौडेल, साना किसान कृषि सहकारी संस्था लि., केरवानी, रुपन्देही
१०. श्री मित्रलाल श्रेष्ठ, साना किसान कृषि सहकारी संस्था लि., अग्यौली, नवलपरासी
११. श्री भुपन्द्रमान श्रेष्ठ, साना किसान कृषि सहकारी संस्था लि., शंकरपुर, सर्लाही
१२. श्री हेमन्त योगी, साना किसान कृषि सहकारी संस्था लि., दाङ्ग

## ९. छलफलमा शेयरधनीहरुबाट प्रस्तुत विचार, जिज्ञासा तथा सुझावहरु

- यस वर्ष यस वित्तीय संस्थाले प्रदान गरेको १४% को लाभांश राम्रो रहेकोमा खुशी छौं । आगामी बर्षहरुमा लाभांश नघटाउन सुझाव दिँदै लाभांश अझै बृद्धि हुँदै जाओस ।

- हाल सहकारीको बारेमा नकारात्मक माहोल सृजना भएको कारण साना किसान कृषि सहकारी समेत यसको मारमा पर्ने हुँदा समयमै ठोस योजना ल्याउनु पर्‍यो ।
- हालै नेपाल सरकारले जारी गरेको सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेशमा भएको बचत तथा लगानीको केही मापदण्ड व्यवहारिक नभएको हुँदा संशोधनको पहल गरि दिनु पर्‍यो ।
- वित्तीय संस्थाले सुलभ कर्जा प्रवाहलाई सहज र सरलीकृत गर्नु पर्‍यो ।
- वित्तीय संस्थाले संचालन गरेको पशुधन सुरक्षण कार्यक्रम राम्रो भएको, तर क्षतिपूर्ती बापतको रकम भने समयमा नपाएको तर्फ ध्यानाकर्षण होस् ।
- किसानद्वारा उत्पादित कृषि उपजको सङ्कलन, प्रशोधन र बजारीकरणको उचित व्यवस्थापन हुन नसक्दा कर्जा लगानी समेत जोखिममा पर्ने भएकोले कृषि मूल्य श्रृङ्खलाका कार्यक्रममा जान वित्तीय संस्थाले छुट्टै कोषको व्यवस्था गरेर सहयोग गर्नु पर्‍यो ।
- कृषि तथा पशुपालन कर्जालाई सरलीकृत गर्दै ब्याजदर अझै सस्तो बनाउनु पर्‍यो ।
- कृषि विकास बैंकले साना किसान सहकारीहरुलाई साना किसान कार्यक्रम हस्तान्तरण गर्दा केही साना किसान सहकारीहरुलाई हस्तान्तरण गर्नुपर्ने घरजग्गा हालसम्म पनि कृषि विकास बैंककै नाममा रहेको हुँदा त्यस्ता सहकारीहरुले कार्यालय भवन निर्माण गर्न समस्या भोग्नु परिरहेको हुँदा त्यस्ता सहकारीहरुको घरजग्गा सहकारीहरुकै नाममा हस्तान्तरण गर्न पहल गरि दिनु पर्‍यो ।
- वित्तीय संस्थाको अध्यक्षको साथसाथै अन्य सञ्चालकहरु पनि साना किसान सहकारी संस्थाहरुको विकास र प्रबर्द्धनमा जोडिनु पर्‍यो ।
- वित्तीय संस्थाले बोनस शेयरको सट्टा नगद लाभांश प्रदान गर्नु पर्‍यो ।
- साना किसान मोडललाई मजबुत बनाउनुपर्ने तर्फ ध्यानाकर्षण होस् ।
- वार्षिक साधारण सभाको किताब अझ समयमा नै प्राप्त हुने व्यवस्था गरियोस् ।
- साधारण सभा १० बजे गर्नुको सट्टा १२ बजेपछि गर्नु राम्रो हुन्छ ।
- धान, गहुँ, उखु खेतीमा पनि सहुलियत ब्याजदरमा कर्जा उपलब्ध गराउनु पर्‍यो ।
- समय सापेक्ष रुपमा कर्जाको ब्याजदर घटाउनु पर्‍यो ।
- वित्तीय संस्थाले सहकारी संस्थाहरुको प्रबन्धक र कर्मचारीहरुलाई मात्र तालिम र क्षमता विकास गर्ने गरेकोमा सञ्चालकहरुलाई पनि उचित अवसर दिई क्षमता अभिबृद्धि गर्नु पर्‍यो ।

## १०. पेश भएका सुझाव तथा जिज्ञासाहरुको जवाफ

छलफलमा भाग लिने सम्पूर्ण शेयरधनीहरुलाई धन्यवाद दिँदै त्यहाँ उठेका जिज्ञासाहरुको जवाफ सभाअध्यक्षको अनुमतिमा प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइराला र सभाअध्यक्ष श्री खेम बहादुर पाठकले निम्नानुसार प्रतिउत्तर दिनु भएको थियो ।

१०.१ वित्तीय संस्थाको व्यवस्थापनसँग सम्बन्धित जिज्ञासा तथा सुझावहरुका सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाबाट सभासमक्ष दिइएको प्रतिउत्तरको सारसंक्षेप यस प्रकार रहेको छ :

उपस्थित शेयरधनी महानुभावहरुले यस वित्तीय संस्था प्रति देखाउनु भएको सद्भाव तथा चिन्तन एवं सुझावहरु अमुल्य रहेको र यी सुझावहरु संस्थाले औषधीको रुपमा लिएको छ । पछिल्लो समयमा नेपालको सहकारीको बारेमा सृजना भएको नकारात्मक भ्रम चिर्न, सहुलियतपूर्ण कर्जाहरुको लगानी प्रक्रिया सहज गर्न तथा पशुधन सुरक्षण कार्यक्रममा रहेका समस्याहरुको निराकरण गर्न यस वित्तीय संस्था चिन्तनशील र क्रियाशील रहेको र आगामी



केन्द्रीय कार्यालय काठमाडौं

दिनमा पनि क्रियाशील रहने छ । यस संस्था साना किसान, विपन्नवर्ग, त्यसमा पनि महिला सदस्यहरु बिचमा सेवा प्रदान गर्न सफल रहेको कारण नेपाल राष्ट्र बैंक, नेपाल सरकार तथा विभिन्न बाह्य संघ संस्थाको विश्वास जित्न सफल भएको छ । पशुधन सुरक्षण कार्यक्रम नेपाल सरकारको कार्यक्रम रहेको र नेपाल सरकारसँग माग गरेको बजेटको करिब ५०% मात्र प्राप्त हुने भएकाले एकैपटक सबैलाई प्रिमियम अनुदान प्रदान गर्न नसिकएको जानकारी गराउँदै नेपाल सरकारबाट आउने बजेट कम भई परेको समस्या समाधानका लागि नेपाल सरकारसँग अनुरोध गरिएको छ ।

हाल बजारमा अधिक तरलता भएका कारण केही बैंक तथा वित्तीय संस्थाले कम ब्याजदरमा ऋण प्रदान गरेता पनि भविष्यमा बजारमा कम तरलता हुनासाथ सो ब्याजदरमा बृद्धि हुने गरेको बिगतको अनुभव छ । यस वित्तीय संस्थाले प्रदान गर्ने कर्जाको ब्याजदर भने लामो समयसम्म स्थिर रहने गरेको छ । ब्याजदरमा छिटो-छिटो उतार चढाव गर्दा किसानलाई अनिश्चितता उत्पन्न हुन्छ । दीर्घकालमा ब्याजदर स्थायित्वको लागि पशुपालन र तरकारी खेती तथा ग्रामीण उद्यम कर्जामा वित्तीय संस्थाले सहुलियत दरमा दीगो रुपले स्थायी प्रकृतिको ब्याजदर निर्धारण गरी किसानलाई प्रत्यक्ष राहत दिएको छ । लघुकर्जाको हकमा समय-समयमा वित्तीय संस्थाको लागत हेरी ब्याजदर कायम गर्ने गरिएको छ । साझेदार संस्थामा लघु कर्जाको भाखा नाघ्ने तथा निस्कृय कर्जाको दरमा वृद्धि हुदै गएको चिन्ताजनक विषय हो । लघुकर्जा उत्पादनशील क्षेत्रमा नै लगानी गरेको खण्डमा भाखा नाघ्ने दरमा पनि कमी आउने र त्यसबाट प्राप्त हुने प्रतिफलको तुलनामा ब्याजदर महङ्गो नहुने भएकोले लघुकर्जालाई अन्य कर्जा सरह उत्पादनशिल क्षेत्रमा लगानी गर्न अनुरोध गर्दछु । हाल कृषि, ग्रामीण उद्यम, तरकारी, मासु, दुध लगायतका क्षेत्रमा सहुलियत कर्जा उपलब्ध भएको र अन्य क्षेत्रमा पनि सहुलियत कर्जा उपलब्ध गराउन वित्तीय संस्थाले पहल गरी रहेको छ ।

यस वित्तीय संस्थाले साझेदार संस्थालाई थोक कर्जा प्रदान गर्ने मात्र नभई साझेदार संस्थाको संस्थागत विकास तथा साझेदार संस्थामा आबद्ध सदस्यहरुको व्यवसायिक, आर्थिक, सामाजिक तथा शैक्षिक विकासमा सहयोग पुग्ने गरी तालिम तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरी रहेको छ । साना किसानको ब्राण्डको रुपमा रहेको साना किसान मोडल (समूह-अन्तर समूह) पद्धतीको संरक्षणमा वित्तीय संस्था प्रतिवद्ध रहेको छ । वित्तीय संस्थाले आफ्नो कार्य प्रणालीमा कुनै ठूलो परिवर्तन ल्याउन लागेमा पनि साझेदार संस्थाहरुसँगको छलफल पश्चातमात्र परिवर्तन गरिने भएकाले ढुक्कसँग साना किसान मोडलमा कार्यक्रम सञ्चालन गरी रहन अनुरोध गर्दछु ।

यस वित्तीय संस्थाको नाफामूलक तथा सेवामूलक (सामाजिक) उद्देश्य दुबै रहेको हुँदा नाफालाईमात्र प्राथमिकता दिएर आफ्ना कार्यक्रम सञ्चालन नगरी दुबै उद्देश्यहरु पूर्ती गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने गरेकाले यसले साझेदार संस्थाहरुसँग लिने ब्याजदर तथा लगानीकर्ताहरुलाई दिने लाभांशको दरमा हरेक बर्ष मिल्दोजुल्दो रही सन्तुलनमा नाफा र लाभांश दर कायम गरी रहेको जानकारी गराउँदछु । साथै, सभामा भएका साना तिना कमजोरीहरु अर्को वर्ष नदोहोरिने तर्फ वित्तीय संस्था सचेत रहेको हुनाले यस वर्षको सभामा भएका प्रक्रियागत कमजोरीलाई विशाल हृदय बनाई स्वीकार गरिदिनुहुन अनुरोध गर्दछु ।

केन्द्रीय कार्यालय
काठमाडौं

१०.२ सभामा शेयरधनी महानुभावहरुले राख्नु भएको जिज्ञासा एवं प्रश्नहरुको सन्दर्भमा सभाध्यक्ष तथा वित्तीय संस्थाका अध्यक्ष श्री खेम बहादुर पाठकले सभा समक्ष दिनु भएको जवाफ :

उपस्थित शेयरधनी महानुभावहरुले यस वित्तीय संस्था प्रति देखाउनु भएको शुभेच्छा तथा चिन्तन एवं सुझावहरु निकै महत्वपूर्ण रहेको छ । यस प्रकारका सुझावहरुको वित्तीय संस्था सदैव स्वागत गर्दै प्राप्त सुझावहरुलाई मार्गदर्शनको रुपमा लिने जानकारी गराउँदछु । शेयरधनी महानुभावहरुले दिनु भएको सुझाव ग्रहण गर्दै सुलभ/सहुलियत दरका कर्जा वित्तीय संस्थाले आफ्नो कोषबाट प्रदान नगरी नेपाल सरकार, स्वदेशी तथा विदेशी स्रोत भएमा प्रदान गरिने हुँदा वित्तीय संस्था केवल मध्यस्थकर्तामात्र रहेको कुरा यहाँहरुलाई जानकारी नै छ । स्रोत प्रदान गर्ने निकायहरुसँग गरिएको शर्त तथा सम्झौता अनुसार नै उक्त कर्जा प्रदान गर्नु पर्ने बाध्यता वित्तीय संस्थाको रहेको छ । सहुलियत दरको कर्जा दुरुपयोग हुनबाट बचाउनका लागि केही थप प्रक्रियाहरु पुरा गर्नु पर्ने व्यवस्था पनि संस्थाको हितका लागि गरिएको हुँदा सबैले मनन गर्नै पर्छ । सहुलियत दरको कर्जामा मुनाफा कम हुने भएतापनि हाम्रा सदस्यहरुले सहुलियत पाउने भएकाले सदस्यहरुको संस्था प्रति विश्वास बढ्ने हुनाले यस प्रकारका कर्जा सुविधा अधिक उपभोग गर्न सदस्यहरुलाई प्रेरित गर्न हामी सबैले प्रयास गर्नु पर्छ । सहुलियत दरको कर्जा लिन तय गरेको प्रक्रिया, विधिमा सुधार आवश्यक देख्नु भएको भए जानकारी गराउनु हुन अनुरोध छ । तर विशेष प्रयोजनका लागि प्रदान गरिने यस्ता सहुलियतपूर्ण कर्जाहरुमा कडा वित्तीय अनुशासन पालन गर्न सबै तयार हुनै पर्छ ।

पशुधन सुरक्षण कार्यक्रमको भुक्तानी दिनुपर्ने रकमको स्रोत नेपाल सरकार रहेको भएता पनि नेपाल सरकारबाट उक्त कोषको रकम प्राप्त गरी भुक्तानी दिनु पर्ने दायित्वको क्रमागत रुपमा भुक्तान गर्न वित्तीय संस्था निरन्तर लागि रहेको छ । नेपाल सरकारबाट हरेक वर्ष यस शीर्षकको बजेटमा वृद्धि हुँदै आएको भएतापनि सो वृद्धिको तुलनामा संस्थाहरुले गर्ने पशुधन सुरक्षणको संख्या ठूलो हुने कारण पनि रकम अपुग हुन गएको र उक्त अपुग रकम प्राप्त गर्न यस वित्तीय संस्था तथा केन्द्रीय संघ लागि परेको छ । संस्थाहरुले समेत आ-आफ्नो स्थानीय निकायसँग पनि सहकार्य गरी बिमा प्रिमियमको केही अंश प्राप्त गर्न सक्ने वातावरण बनाउन अनुरोध छ ।

शेयरधनी महानुभावहरुले वित्तीय संस्थाका सञ्चालकहरु समेत साझेदार संस्थाहरुमा भ्रमण गरी राय, सल्लाह सुझाव दिन हार्दिकताका साथ गर्नु भएको अनुरोध निकै सराहनीय रहेको र सो सम्बन्धमा सञ्चालकहरु बिच समय-समयमा छलफल समेत हुने गरेको तर सञ्चालकज्यूहरु आ-आफ्नो संस्थामा व्यस्त रहनु तथा नियामक निकाय नेपाल राष्ट्र बैंकको पनि केही नियामकीय व्यवस्थाहरु रहेको हुँदा सुझाव अनुसार संस्थाहरुमा उपस्थित भई कार्यक्रम चलाउन केही कठिन पनि छ । तथापि साना किसान कृषि सहकारी संस्थाहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरु भने समयले साथ दिएसम्म साझेदार संस्थाहरुमा भ्रमण गरी राय, सुझाव तथा सल्लाह दिदैं आएको जानकारी गराउँदछु ।

कृषि विकास बैंकबाट संस्थाहरु हस्तान्तरण हुँदा दायित्वहरु हस्तान्तरण भएता पनि सम्पत्ती/घर जग्गा हस्तान्तरण नहुँदा सहकारी संस्थाले निर्माण गरेका कार्यालय भवन आफ्नो हुन सकेन । कृषि विकास बैंकको सम्पत्ती नेपाल सरकारको मानिने भएकोले ती घर जग्गा हस्तान्तरणमा नेपाल सरकार, अर्थमन्त्रालय, कृषि विकास बैंक लगायतको सहमति सहितको निर्णय हुनु पर्ने व्यवस्था रहेको छ । सो कार्यका लागि यसै वित्तीय संस्थामा कृषि विकास बैंकको तर्फबाट सञ्चालकमा प्रतिनिधित्व गर्नु हुने सञ्चालकज्यूसँग पटक पटक

छलफल भईरहेको र उहाँ आफै उक्त समस्या हल गर्न निरन्तर लागिपर्दा समेत नतिजा प्राप्त भईनसकेको सत्य हो । आगामी दिनमा संस्था स्वयं तथा संघको नेतृत्वमा सम्बद्ध निकायहरुमा आवाज पुऱ्याउनु पर्ने पनि हुन सक्ने भएकाले संस्थाहरु त्यस तर्फ तयार रहन समेत आग्रह छ ।

सस्तो ब्याजदरमा सुलभ कर्जा उपलब्ध गराउन अन्य प्रदेशसँग पनि विभिन्न चरणमा छलफल भई प्रक्रिया अगाडी बढेकाले आशा गरौं प्रदेश सरकारबाट हामी मार्फत सुलभ कर्जा उपलब्ध गराई आम साना किसान परिवार तथा विपन्न परिवारलाई सहयोग गर्नु हुनेछ । यस वित्तीय संस्थाको आफ्नै कोषबाट उक्त सेवा प्रदान गर्न यस वित्तीय संस्थाले केही नाफा कमाउनु पर्ने र उक्त नाफाबाट संस्थागत विकास, व्यवसायिक विकास, शैक्षिक विकास, स्वाथ्य सुरक्षा तथा अन्य क्रियाकलापहरु समेत सञ्चालन गरी सेवा प्रदान गर्नु पर्ने हुँदा नाफा र सेवा दुबैलाई सन्तुलनमा राखी लागतका आधारमा ब्याजदर निर्धारण गर्ने गरेको हुँदा साझेदार संस्थाहरुलाई वित्तीय तथा गैर वित्तीय सेवा सहितको लागत हेरिदिनुहुन अनुरोध छ ।

शेयरधनी महानुभावले साना किसान मोडलको स्थायित्वका लागि व्यक्त गर्नु भएको चिन्ताको सन्दर्भमा यस वित्तीय संस्थाले दुई ठूला संस्थाहरु मर्जर हुँदा समेत आफ्नो नाममा कुनै परिवर्तन नगराई साविकको नाम कायम गर्नुमा साना किसान विकास अभियान प्रतिको निष्ठा प्रदर्शन हुन्छ । यसको गौरवका रुपमा रहेको साना किसान मोडल परिवर्तन हुने सन्दर्भमा कुनै शंका उपशंका नगर्न समेत आग्रह छ । साना किसानको नाम राख्न जसरी वित्तीय संस्था सफल भयो त्यसै गरी साना किसान मोडल कायम राख्न संस्थाहरु सजग रहनु पर्ने अवस्थामा समूह अन्तरसमूह सक्रिय बनाउन छोडी कतै हाम्रा समूह अन्तर समूहको निस्कृयताले संस्था आफै साना किसान मोडल छोड्न लागेको होकी भन्ने डर छाउन थालेको छ । साना किसानको मोडलको आधारशीला भनेको समूह अन्तर समूहको सक्रियता भएकोले यसमा सम्झौता नगर्न सबै संस्थापक साना किसान कृषि सहकारी संस्थाहरुमा अनुरोध गर्दछु ।

साना किसान विकास लघुवित्त वित्तीय संस्थाको नाम परिवर्तन सन्दर्भमा यस वित्तीय संस्था मर्जर पश्चात भिन्नै एक विशिष्टीकृत बैंक बनाउने अवधारणका साथ अर्थ मन्त्रालय लगायत सम्बद्ध निकायहरुमा अवधारणा पत्रहरु पेश गरी छलफल गरिएको छ । नियामक निकाय, दातृ संस्थाहरुबाट प्राप्त हुने सहयोग तथा सद्भावलाई समेत कायम राख्न हाल कायम रहेको नाममा समस्या नरहेको र नामले भन्दा पनि कामले साना किसान तथा विपन्न परिवार समक्ष वित्तीय तथा गैर वित्तीय सेवा प्रदान गर्न वित्तीय संस्था प्रतिवद्ध रहेको छ ।

यस वित्तीय संस्थाको मुख्य उद्देश्य वित्तीय सेवा प्रदान गर्नु रहेको हुँदा जिज्ञासामा राख्नु भएको जस्तो कोषको स्थापना गरी बजारीकरण तथा मूल्यश्रृङ्खलामा काम गर्न, मलबिउँको समस्या समाधानका लागि कार्य गर्न नियामकीय समस्या रहने हुँदा प्रत्यक्ष रुपमा त्यस प्रकारका क्रियाकलापमा सहभागी नभएतापनि समन्वयकारी तथा सहयोगीको भूमिका निर्वाह गर्न वित्तीय संस्था सदैव तयार रहेको जानकारी गराउँदछु ।

अन्त्यमा, नेपालको कृषि क्षेत्रमा, साना किसान परिवारमा तथा महिला विपन्न वर्गमा काम गर्ने एक बलियो संस्थाको पहिचान कायम राख्न सफल यस वित्तीय संस्था राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रको रोजाईमा पर्न सफल भएको छ । यस वित्तीय संस्थाको मूल्य

मान्यताहरुलाई कायम राख्दै कार्य सम्पादन गर्न प्रतिवद्ध रहेकोमा आजको यस सभामा उपस्थित शेयरधनी महानुभावहरुले दिनुभएको हौसला तथा सुझाव ग्रहण गर्दै आगामी दिनमा थप राम्रो गर्ने प्रतिवद्धता जाहेर गर्दछु । साथै जिज्ञासा तथा सुझावहरुका लागि सम्पूर्णमा धन्यबाद व्यक्त गर्दछु ।

## ११. सभाको निर्णय

छलफलमा उठेका जिज्ञासाहरुको जवाफ दिने क्रम सकिएपछि छलफलको विषय सूचीमा उल्लिखित प्रस्तावहरु सभाद्वारा पारित गर्नका लीग प्रस्तुत गरिएकोमा देहायका प्रस्तावहरुमा देहाय अनुसार गर्ने गरी सर्वसम्मत निर्णय भएको कुरा सभाका अध्यक्षको अनुमतिमा कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ७४ बमोजिम सभालाई जानकारी दिनु भयो :

**(क) सामान्य प्रस्ताव :**

**११.१ सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।**

अध्यक्षको मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन उपर छलफल पश्चात पारित गर्नका लागि निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रस्ताव सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

**११.२ लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात, आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात, आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरु समेत छलफल गरी पारित गरिदिन सभामा पेश भएको प्रस्ताव माथि छलफल भई उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

**११.३ सञ्चालक समितिले प्रस्ताव गरे अनुसार २०८१ आषाढ मसान्तमा कायम रहेको चुक्ता पुँजी रु.३,८०,६३,७३,७९८।५७ को ०.७०% ले हुने रकम रु. २,६६,४४,६१६।५९ नगद लाभांश (लाभांश कर प्रयोजनको लागि) पारित गर्ने ।**

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८०/८१ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयरधनीहरुलाई चुक्ता पुँजी रु.३,८०,६३,७३,७९८।५७ को ०.७०% ले हुने रकम रु. २,६६,४४,६१६।५९ नगद लाभांश (लाभांश कर प्रयोजनको लागि) प्रदान गर्ने सम्बन्धमा छलफल हुँदा उक्त नगद लाभांश प्रदान गर्न सर्वसम्मतिले स्वीकृति प्रदान गर्ने निर्णय भयो ।

**११.४ लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गर्न बाह्य लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनी ऐन, २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को व्यवस्था अनुसार आ.व. २०८१/८२ को वित्तीय विवरण सहित लेखापरीक्षण गर्न बाह्य लेखापरीक्षक नियुक्तिको लागि लेखापरीक्षण समितिले ३ वटा लेखापरीक्षण फर्महरु जे.बी. राजभण्डारी एण्ड डिबीन्स, एस देवकोटा एण्ड कम्पनी र पि.एल. श्रेष्ठ एण्ड कम्पनीबाट प्रस्तावहरु प्राप्त गरी विस्तृत अध्ययन गरी सबैभन्दा कम शुल्क समेत उल्लेख भएको आधारमा गत आ.व.को लागि नियुक्त लेखापरीक्षक जे.बी. राजभण्डारी एण्ड डिबीन्स (

चार्टर्ड एकाउण्टेण्टस्), काठमाडौंलाई नै आ.व. २०८१/८२ को लागि लेखापरीक्षकमा नियुक्त गर्न र लेखापरीक्षण शुल्क (संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन तथा कम्पनी ऐनको दफा ७८ बमोजिमको प्रगति विवरण प्रमाणिकरण गर्न, कर लेखापरीक्षण र परियोजना लेखापरीक्षण गर्न, लङ्गफर्म प्रतिवेदन तयार गर्न) बापत मूल्य अभिवृद्धि कर बाहेक रु.१०,००,०००।- (अक्षरेपि दश लाख रुपैंया) पारिश्रमिक दिन सिफारिस भई आएको सम्बन्धमा छलफल हुँदा सर्वसम्मतिबाट स्वीकृति प्रदान गर्ने निर्णय भयो ।

**११.५ स्वतन्त्र सञ्चालक पदमा नियुक्ति सम्बन्धमा ।**

सञ्चालक समितिमा रिक्त रहेको स्वतन्त्र सञ्चालक पदमा मिति २०८१/१/२८ गतेको सञ्चालक समितिको बैठकबाट श्री आस्था भट्टलाई स्वतन्त्र सञ्चालक पदमा नियुक्त गरेको वेहोरा जानकारी भयो ।

**(ख) विशेष प्रस्ताव :**

**११.६ सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पुंजी रु.३,८०,६३,७३,७९८।५७ को १३.३०% ले हुने रकम रु. ५०,६२,४७,७१५।२१ बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने । उक्त अनुपातमा बोनस शेयर जारी गर्दा हुन आउने भिन्न अङ्क (fraction) लाई पहिलेको भिन्न अङ्कसँग समायोजन गरी बाँकी हुन आउने भिन्न अङ्कलाई पछि समायोजन गर्ने गरी यथावत राख्ने ।**

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पुंजी रु.३,८०,६३,७३,७९८।५७ को १३.३०% ले हुने रकम रु. ५०,६२,४७,७१५।२१ बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने निर्णय गरियो । उक्त अनुपातमा बोनस शेयर जारी गर्दा हुन आउने भिन्न अङ्क (fraction) लाई पहिलेको भिन्न अङ्कसँग समायोजन गरी बाँकी हुन आउने भिन्न अङ्कलाई पछि समायोजन गर्ने गरी यथावत राख्ने सम्बन्धी विशेष प्रस्तावमाथि छलफल भई सर्वसम्मतिबाट पारित गरियो ।

**११.७ यस संस्थाको जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने र सोही बमोजिम प्रबन्धपत्रको दफा ५(ख) र (ग) मा रहेको सम्बन्धित दफाहरुमा आवश्यक संशोधन गर्ने ।**

यस संस्थाको जारी तथा चुक्ता पुँजी वृद्धि गर्ने र सोही बमोजिम प्रबन्धपत्रको दफा ५(ख) र (ग) मा निम्नानुसार संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

**प्रबन्धपत्रको दफा ५ को खण्ड (ख) र (ग) को सट्टा देहाय बमोजिमको खण्ड (ख) र (ग) राखिएको छ :**

"(ख) वित्तीय संस्थाको जारी पुँजी रु.४,३१,२६,२१,५१३।७८ (अक्षरेपी चार अर्ब एकतीस करोड छब्बीस लाख एकाईस हजार पाँच सय तेन्ह रुपैयाँ र पैसा अठहत्तर मात्र) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु. १००।- का दरले ४,३१,२६,२१५।- (अक्षरेपी चार करोड एकतीस लाख छब्बीस हजार दुई सय पन्ध्र) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) वित्तीय संस्थाको चुक्ता पुंजी रु.४,३१,२६,२१,५१३।७८ (अक्षरेपी चार अर्ब एकतीस करोड छब्बीस लाख एकाईस हजार पाँच सय तेन्ह रुपैयाँ र पैसा अठहत्तर मात्र) हुनेछ ।"

**११.८ आ.व. २०८०/८१ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको वित्तीय विवरणको अनुसूची ४.३५ मा उल्लिखित खर्च रु. १,०४,१५,५९४।४५ कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन गर्ने ।**

यस वित्तीय संस्थाको आ.व. २०८०/८१ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको वित्तीय विवरणको अनुसूची ४.३५ मा उल्लिखित खर्च रु.१,०४,१५,५९४।४५ कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन गर्ने विशेष प्रस्ताव माथि छलफल हुँदा उक्त खर्च सम्बन्धी प्रस्ताव सर्वसम्मतिबाट अनुमोदन गरियो ।

**११.९ प्रबन्धपत्र संशोधन सम्बन्धमा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड तथा अन्य नियामक निकायबाट स्वीकृत गराउनको लागि आवश्यकता अनुसार सोमा थपघट परिमार्जन, संशोधन तथा सच्याउनको लागि निर्देशन अनुसार गर्नुपर्ने सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी दिने।**

यस वित्तीय संस्थाको प्रबन्धपत्र संशोधन सम्बन्धमा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड तथा अन्य नियामक निकायबाट स्वीकृत गराउनको लागि आवश्यकता अनुसार सोमा थपघट परिमार्जन, संशोधन तथा सच्याउनको लागि निर्देशन अनुसार गर्नुपर्ने सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी दिन सभा समक्ष प्रस्तुत भएको सम्वन्धमा छलफल हुँदा प्रस्ताव सर्वसम्मतीबाट पारित गरियो ।

**(ग) विविध ।**

विविध प्रस्ताव उपर छलफलको कुनै विषय नरहेको ।

## १२. धन्यवाद ज्ञापन तथा सभा विसर्जन

सभामा छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले शेयरधनी महानुभावहरुले सकारात्मक तथा सक्रिय रुपले सभामा सहभागी भई वित्तीय संस्थाको प्रगतिका लागि दिनु भएको सल्लाह, सुझावलाई मार्गदर्शनको रुपमा लिई यस वित्तीय संस्थाको २३ औं वार्षिक साधारण सभा सञ्चालन एवम् सफलतापूर्वक सम्पन्न गर्नका लागि सहयोग एवम् योगदान गर्नु हुने सम्बन्धित सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै सभा विसर्जन गर्नुभयो ।

.............................
(अनिल कृष्ण जोशी)
कम्पनी सचिव

.............................
(खेम बहादुर पाठक)
अध्यक्ष